# आकाशवाणी समाचार- नेपाली

मितिः ०७ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. पश्चिम बंगालमा मतदाता विशेष गहन संशोधन प्रक्रिया एसआईआर सुरु भएदेखि लगभग ७ करोड ६२ लाख नामांकन प्रपत्र फारमहरू डिजिटलाइज गरिएको छ।

२. २०२६ को विधानसभा चुनाव अगाडि पश्चिम बंगालको राजनीतिक वातावरण तातिएर गइरहेको छ।

३. आज कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा आयोजना भईरहेको सामूहिक गीता पाठको कार्यक्रममा देशभरबाट सन्त र ऋषिहरूको ठूलो भीड मैदानमा आइपुगेको छ।

४. जीटीए प्रमुख कार्यपाल अनित थापाले लङ्भ्यूमा हिजो पक्की सडकको शिलान्यास, लङ्भ्यू उप स्वास्थ्य केन्द्र अनि पङ्खाबारी रामहट्टी सार्वजनिक भवनको उद्घाटन गर्नु भयो|

५. खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतमा दुई दिवसीय श्रमिक मेलाको आयोजना गरिने भएको छ।

**पश्चिम बंगाल एसआईआर**

पश्चिम बंगालमा मतदाता विशेष गहन संशोधन प्रक्रिया एसआईआर सुरु भएदेखि लगभग ७ करोड ६२ लाख प्रपत्र फारमहरू डिजिटलाइज गरिएको छ। यो प्रक्रिया २०२६ को राज्य विधानसभा चुनाव अघि चलिरहेको छ। निर्वाचन आयोगका एक अधिकारीले हिजो भन्नु भयो, शनिबार दिउँसोसम्म, जम्मा वितरण गरिएका फारमहरूको ९९.४३ प्रतिशत डिजिटलाइज गरिएको छ।अधिकारीका अनुसार, यस काममा पश्चिम बंगाल १२ राज्य र केन्द्र शासित प्रदेशहरूमध्ये आठौं स्थानमा छ। लक्षद्वीप, राजस्थान, गोवा, अण्डमान र निकोबार, छत्तीसगढ, मध्य प्रदेश र पुडुचेरी यसमा अगाडि छन्। उहाँले भन्नु भयो, ४ नोभेम्बरदेखि ६ डिसेम्बरसम्म जम्मा ७ करोड ६६ लाख १६ हजार फारमहरू वितरण गरिएको थियो र तिनीहरूको डिजिटलाइजेशन द्रुत गतिमा पूरा भइरहेको छ।

**शुभेन्दु अधिकारी - कोलकातामा "शौर्य यात्रा**

२०२६ को विधानसभा चुनाव अगाडि पश्चिम बंगालको राजनीतिक वातावरण तातिएर गइरहेको छ। हिजो भाजपा विधायक तथा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले कोलकातामा "शौर्य यात्रा" मा भाग लिनु भयो, जसलाई हिन्दू एकतालाई प्रवर्द्धन गर्ने भनिएको थियो। मार्च स्वामी विवेकानन्दको पुर्खाको घरबाट सुरु भएर लगभग १.७ किलोमिटर लामो भयो, जुन उत्तर कोलकाताको श्यामबजार पंचमठ मोरमा समाप्त भयो।जुलुस "सिंह वाहिनी" नामक धार्मिक संस्थाद्वारा आयोजना गरिएको थियो। बाबरी मस्जिद भत्काइएको वार्षिकोत्सवमा आयोजित र्‍यालीमा ठूलो संख्यामा संस्थाका प्रतिनिधिहरू र जनताले भाग लिएका थिए। श्री शुभेन्दु अधिकारीले निलम्बित तृणमूल कांग्रेसका विधायक हुमायुन कबीरले बेलडाङ्गामा बाबरी मस्जिदको मोडेलमा बनाइएको मस्जिदको शिलान्यास गर्नुलाई "खतरनाक कदम" भन्नु भयो। उहाँले भन्नु भयो, "हामीलाई कुनै पनि नयाँ धार्मिक स्थलमा कुनै आपत्ति छैन, तर सामाजिक तनाव बढाउने कुनै पनि कारबाही गर्नु हुँदैन।"भाजपा नेताहरूले आरोप लगाए कि राज्यका "७० प्रतिशत हिन्दूहरू" ले "राम राज्य" जस्तै सुशासन स्थापना गर्न "अतिवादी शक्तिहरू" विरुद्ध लड्न एकजुट हुनुपर्छ। उनीहरूले दावी गरे कि यो र्‍याली तृणमूल कांग्रेसको "तुष्टीकरण राजनीति" विरुद्ध थियो, जसले बंगालको जनसांख्यिकी परिवर्तन गर्ने खतरामा पार्छ।

**प्रदेश कांग्रेसद्वारा कोलकातामा "सद्धावना ऱ्याली"**

धार्मिक पहिचानको आधारमा मानिसहरूलाई विभाजन गर्ने कथित प्रयासको विरोधमा प्रदेश कांग्रेसले हिजो कोलकातामा "सद्धावना ऱ्याली" आयोजना गऱ्यो। सयौं कार्यकर्ता र समर्थकहरूले साम्प्रदायिक सद्धावलाई बढावा दिँदै मस्जिदबाट मन्दिरसम्म लगभग एक किलोमिटर पैदल यात्रा गरे। ऱ्याली एस्प्लेनेडको टिपु सुल्तान मस्जिदबाट सुरु भएर जोडाबगन क्षेत्रको राम मन्दिर नजिकै सेन्ट्रल एभिन्यूमा समाप्त भयो। ऱ्यालीको क्रममा, कार्यकर्ताहरूले भाजपा र तृणमूल कांग्रेस विरुद्ध नारा लगाए र पार्टी र राष्ट्रिय झण्डासँगै सद्धावको सन्देश लेखिएका प्लेकार्डहरू बोके।प्रदेश कांग्रेस अध्यक्ष शुभंकर सरकारले भन्नु भयो, मन्दिर र मस्जिदहरू निर्माण गर्नाले भोकमरी मेटिने छैन वा लाखौंलाई रोजगारी प्रदान गर्ने छैन। "हाम्रो सन्देश यो हो कि हामी प्रत्येक धर्मको सम्मान गर्छौं। हामी धार्मिक भावनालाई भड्काएर मानिसहरूलाई विभाजन गर्ने राजनीतिको विरोध गर्छौं। हाम्रो ऱ्यालीको मार्गले विभिन्न समुदाय र आस्थाहरू बीचको एकता र विविधतामा एकताको प्रतीक हो।"

**कोलकातामा सामूहिक गीता पाठ**

आज कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा हुने सामूहिक गीता पाठको व्यापक तयारी हिजो रातिसम्ममा पूरा भइसकेको थियो। देशभरबाट सन्त र ऋषिहरूको ठूलो भीड मैदानमा आइपुगेको छ र उनीहरूको आवासको व्यवस्था गरिएको छ। गीता पाठको आयोजना गरिरहेको सनातन संस्कृति संसद (संसद) का कार्यक्रमका अध्यक्ष प्रदीपानन्द महाराजले यस पटक पाँच लाख मानिसहरूले सँगै गीता पाठ गर्ने बताए। २०२३ को कार्यक्रममा एक लाख मानिसहरूको सहभागिताको दाबी गरिएको थियो। विपक्षी दलका नेता शुभेन्दु अधिकारीले कार्यक्रमको घोषणा गर्ने पहिलो व्यक्ति थिए र पाँच लाख हिन्दूहरूले भाग लिने बताउनु भएको थियो। वरिष्ठ पार्टी नेता दिलीप घोष, प्रदेश अध्यक्ष शमिक भट्टाचार्य र केन्द्रीय मन्त्री सुकान्त मजुमदार सबै उपस्थित हुने भएका छन्।मुख्यमन्त्री ममता ब्यानर्जी र राज्यपाल सीवी आनन्द बोसलाई पनि आमन्त्रित गरिएको थियो, तर दुवैजना उपस्थित हुने छैनन्। राज्यपाल दिल्लीमा हुनुहुन्छ र मुख्यमन्त्री उपस्थित हुने सम्भावना कम छ।

**विधायक हुमायुन कबिर र विवाद**

पश्चिम बंगालको मुर्शिदाबादको बेलडाङ्गामा बाबरी मस्जिद जस्तो देखिने मस्जिदको निलम्बित विधायक हुमायुन कबिरले शिलान्यास गर्नु भएपछि राजनीति गरम भएको छ। हिजो भाजपा र तृणमूल कांग्रेसबीच आरोप-प्रत्यारोप तीव्र भएको छ। भाजपा नेता अमित मालवीयले मुख्यमन्त्री ममता ब्यानर्जीले अल्पसंख्यक मत प्राप्त गर्न कबिरलाई प्रयोग गरिरहेको आरोप लगाउनु भयो र बेलडाङ्गाबाट प्राप्त रिपोर्ट चिन्ताजनक रहेको बताउनु भएको छ। उहाँले कबिरका समर्थकहरूले निर्माणको लागि इँटा बोकेको देखिएको दाबी गर्नु भयो र विधायकले पुलिसको सहयोगको पनि उल्लेख गर्नु भयो।श्री मालवीयले बेलडाङ्गालाई राज्यको एक अत्यन्त संवेदनशील क्षेत्रको रूपमा वर्णन गर्दै भन्नु भयो, कुनै पनि अशान्तिले राष्ट्रिय राजमार्ग १२ लाई असर गर्न सक्छ, जसले कानून व्यवस्था र राष्ट्रिय सुरक्षालाई असर गर्न सक्छ। उहाँले आरोप लगाउनु भयो, मस्जिद निर्माण पहल धार्मिक होइन तर राजनीतिक थियो र राज्यको सामाजिक संरचनालाई हानि पुऱ्याउन सक्छ।अर्कोतर्फ, तृणमूल कांग्रेसले भाजपाको आरोपलाई अस्वीकार गऱ्यो, श्री कबिरले जिल्लाको वातावरण बिगार्न भाजपा र आरएसएससँग मिलेर काम गरिरहेको दाबी गर्नु भयो।

**छैटौं अनुसूची सम्झौता दिवस खरसाङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले हिजो दार्जिलिंग, खरसाङ, मिरिकमा छैटौं अनुसूची सम्झौता दिवस पालन गरेको छ। खरसाङ ब्राञ्च कमिटीद्वारा पनि २१औं छैटौं अनुसूची सम्झौता दिवस पालन गरेको छ। खरसाङ ब्राञ्च कमिटी अध्यक्ष निमा लामाको अध्यक्षतामा सम्पन्न भएको समारोहमा पारस गुरुङ प्रमुख अतिथि रहेका थिए। यसैगरी, समारोहमा प्रमुख वक्ताका रुपमा एनबी छेत्री, गोरायुमो केन्द्रिय समिति संयोजक आनन्द राई, भातृ संगठनका सम्पूर्ण प्रतिनिधिवर्ग साथै गोरामुमो कार्यकर्ताहरुको उपस्थिति थियो।गोरायुमो केन्द्रिय समितिका संयोजक आनन्द राईले आफ्नो वक्तव्य राख्दै भन्नु भयो, भारत सरकारले गोर्खाहरुको मुद्दाको निम्ति नियुक्ति गरेको सरकारी वार्ताकारलाई एउटै आवाज भएर बताउनुपर्छ। छैटौं अनुसूचीको सम्झौतामा भारतको केन्द्र सरकार र राज्य सरकारले हस्ताक्षर गरेको छ, हाम्रोमा डकुमेन्ट छ। सुवास घिसिङले छैटौं अनुसूची मागेको कारण यो भूभागलाई गोर्खाहरुको

नाममा रेजिस्ट्रेशन गराउनुको निम्ति हो।समारोहमा प्रमुख वक्ताका रुपमा बोल्दै एनबी छेत्रीले भनु भयो, २०१९ देखि गोरामुमोले भित्रभित्रै गोर्खाहरुको मुद्दाको निम्ति काम गरिसकेको छ। गोरामुमो आफ्नो मुद्दामा एक इन्च पनि पछि हटेको छैन। गोर्खाल्याण्ड भयो भने पनि माटोको ग्यारेन्टी छैन, तर छैटौं अनुसूची भयो भने माटोको ग्यारेन्टी हुन्छ।

## अनित थापा – शिलान्यास र उद्घाटन

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा, लङ्भ्यू खण्ड समितिको आयोजनामा हिजो भेलाकूप सार्वजनिक भवनमा केराबारीस्थित साई मन्दिरदेखि भेलाकुप गाउँसम्म पुग्ने पक्की सडकको शिलान्यास, लङ्भ्यू उप स्वास्थ्य केन्द्र अनि पङ्खाबारी रामहट्टी सार्वजनिक भवनको उद्घाटन समारोह सम्पन्न गरियो।

**यस समारोहमा मुख्य अतिथिको रूपमा जीटीए प्रमुख कार्यपाल अनित थापाको उपस्थिति रहेको थियो। त्यसबाहेक समारोहमा विशिष्ट अतिथिको रूपमा भागोप्रमो केन्द्रिय समिति महासचिव अमर लामा, क्षेत्रिय सभासद कल्पना प्रधान, मनोनित सभासद प्रणाम रसाइली, खरसाङ पञ्चायत समिति सभापति अनु प्रधान, पार्टीको पङ्खाबारी लङ्भ्यू अम्बटे समष्टि प्रतिनिधिहरू, विभागीय अभियन्ताहरू उपस्थित थिए। समष्टि सभापति तथा सन्त मेरिज तीन ग्राम पञ्चायत प्रधान मणिराज डुम्जनको सभापतित्वमा सम्पन्न समारोहलाई ब्लक सभापति नयस लामा, क्षेत्रिय सभासद कल्पना प्रधान, अमर लामा अनि मुख्य कार्यपाल अनित थापाले सम्बोधन गरेका थिए। जिनोद परियारले सञ्चालन गरेको समारोहलाई सम्बोधन गर्नु हुँदै जीटीए प्रमुख कार्यपाल अनित थापाले लङ्भ्यू चियाबारीको दीर्घ दिनदेखिको समस्या समाधान गर्न सबै राजनीतिक दलहरूलाई एकबद्ध हुने आह्वान गर्नु भयो। उहाँले लङ्भ्यूमा यहाँका मालिकहरू श्रमिकहरुलाई धेरै दुःख दिइरहेका छन्। श्रमिकहरूले आफूले गरेको कामको ज्याला पनि भिख मागेको जस्तो गरेर माग्नु परिरहेछ। यो अति नै दुःखलाग्दो कुरा हो भन्नु हुँदै यसको निम्ति यहाँ कुनै राजनीति नगरेर सबैलाई एउटै मञ्चमा आएर आफ्नो अधिकारको निम्ति लड्ने आह्वान गर्नु भयो। श्री थापाले आफ्नो अधिकार खोज्दा कमान बन्द गर्छ भने गरोस्, कम्तीको पनि यहाँका मानिसहरू स्वनिर्भर त हुन्छन् भन्दै अब हाम्रो श्रमिकहरूले कुनै पनि अवस्थामा यहाँ दुःख पाउनु हुँदैन भनी लाखेस गर्नु भयो।**

## सिटोङमा दुई दिवसीय श्रमिक मेला हुने

खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतमा दुई दिवसीय श्रमिक मेलाको आयोजना गरिने भएको छ। उक्त दुई दिवसीय सिटोङ सिन्कोना श्रमिक मेला आगामी 8 र 9 दिसम्बरको दिन खरसाङ खण्ड अन्तर्गत सिटोङ तीन ग्राम पञ्चायतको चुच्चे ढुङ्गा परिसरमा आयोजना गरिने भएको छ। उक्त  श्रमिक मेला सम्पूर्ण श्रमिक सरकारी सिन्कोना बगान सिटोङको आयोजनामा हुने भएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै आयोजक सिटोङ सिन्कोना श्रमिकगणको तर्फबाट कैलाश शर्मा, देवेन्द्र छेत्री र भूलन राईले दुई दिवसीय श्रमिक मेलाको विषयमा विस्तृत जानकारी गराएका छन्।

****** ० ******